# स्थानीय राजपत्र

## घोराही उप-महानगरपालिका

घोराही, दाङ लुम्बिनी प्रदेश, नेपाल

खण्ड ४) संख्या ६३ स्थानीय राजपत्र भाग २ मिति २०७७।०९।२८


# उपमहानगरपालिका
# शिक्षा नियमावली, २०७६

उपमहानगरपालिका शिक्षा ऐन, २०७५ को दफा ५२ ले दिएको अधिकार प्रयोग गरी घोराही उपमहानगरपालिकाको नगर सभाले यो नियमावली बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ

(१) यो नियमावलीको नाम 'उपमहानगरपालिका शिक्षा नियमावली, २०७६' रहेको छ ।

(२) यो नियमावली उपमहानगरपालिका क्षेत्रभर लागू हुनेछ ।

(३) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा-

(क) 'ऐन' भन्नाले घोराही उपमहानगरपालिका शिक्षा ऐन, २०७५ सम्झनुपर्छ ।

(ख) 'कोष' भन्नाले नियम ७४ बमोजिमको विद्यालय सञ्चालनका लागि

(ष) विद्यालय व्यवस्थापन समितिको सिफारिसमा शिक्षकलाई विद्यालय समय बाहेक वा विद्यालयको नियमित पठन पाठनमा असर नगर्ने गरी अतिरिक्त समयमा अन्यत्र कार्य गर्न स्वीकृति प्रदान गर्ने,

(श) कार्यसम्पादनको आधारमा विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, प्रधानाध्यापक, शिक्षक एवं कर्मचारीहरुलाई पुरस्कार तथा दण्डका लागि कार्यपालिका समक्ष सिफारिस गर्ने,

(ह) निजी, धार्मिक तथा गुठी बिद्यालयको अनुगमन गरी स्वीकृत मापदण्डको पालना गर्न र तदनुसार पुरस्कार र दण्डको लागि कार्यपालिका समक्ष सिफारिस गर्ने,

(क्ष) नगर कार्यपालिका, राष्ट्रिय परीक्षा बोर्ड र शिक्षा सम्वन्धित आयोगहरुबाट निर्देशित वा प्रत्यायोजित कार्य गर्ने,

२४. शाखा अधिकृतहरुको काम, कर्तव्य र अधिकार :

क) महाशाखा प्रमुखले तोकेको शाखाका दैनिक प्रशासनिक काम गर्ने ।

ख) तोकिए बमोजिम सामुदायिक विद्यालयको आमन्त्रित सदस्य र संस्थागत विद्यालयको व्यवस्थान समितिको सदस्यको रुपमा काम गर्ने ।

ग) विद्यालय व्यवस्थापन समिति गठन गर्दा छनोट समितिको संयोजकको रुपमा काम गर्ने ।

घ) प्र.अ., शिक्षक, कर्मचारी र वाल विकास सहयोगी कार्यकर्ताको छनोट समितिको रुपमा काम गर्ने ।

ङ) महाशाखा प्रमुखले तोके बमोजिम विद्यालय निरीक्षण अनुगमन गर्ने ।

च) विद्यालयलाई आवश्यकता अनुसार प्राविधिक सहयोग र समन्वय गर्ने ।

छ) शिक्षकहरुको विदा प्रमाणित गर्ने ।

ज) महाशाखा प्रमुखले तोकेका अन्य कार्यहरु गर्ने ।

